# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

(खण्ड ६४) काठमाडौँ, फागुन ११ गते २०७१ साल (संख्या ३९)

**भाग ५**

नेपाल सरकार

**गृह मन्त्रालयको**

**सूचना**

**नेपाल सरकारले विक्रम संवत् २०७२ साल वैशाख १ गतेदेखि संवत् २०७२ साल चैत्र मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालयहरूलाई देहाय बमोजिमको सार्वजनिक, पर्व एवं सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेको छ।**

१. वर्षभरिका शनिवार विदाः

| | |
|---|---|
| (क) वैशाख – ५, १२, १९, २६ (४ दिन) | (ख) जेठ – २, ९, १६, २३, ३० (५ दिन) |
| (ग) असार – ५, १२, १९, २६ (४ दिन) | (घ) साउन – २, ९, १६, २३, ३० (५ दिन) |
| (ङ) भदौ – २, ९, १६, २३, ३० (५ दिन) | (च) असोज – २, ९, १६, २३, ३० (५ दिन) |
| (छ) कात्तिक – ७, १४, २१, २८ (४ दिन) | (ज) मङ्सिर – ५, १२, १९, २६ (४ दिन) |
| (झ) पौष – ७, १४, २१, २८ (४ दिन) | (ञ) माघ – २, ९, १६, २३ (४ दिन) |
| (ट) फागुन – १, ८, १५, २२, २९ (५ दिन) | (ठ) चैत – ६, १३, २०, २४, ३१ (५ दिन) |

**जम्माः ५२ दिन**

२. पर्व बिदाहरुः

(क) नववर्ष, वैशाख १ गते मंगलबार।

(ख) किराँत राई लिम्बू जातिको उभौली पर्व – चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), बैशाख २१ गते सोमबार।

(ग) जनै पूर्णिमा, रक्षावन्धन (ऋषि तर्पणी) भदौ १२ गते शनिबार।

(घ) गौरा पर्व (गौरा पूजा) भदौ १९ गते शनिबार।

(ङ) इस्लाम धर्मावलम्वीहरूको पर्व ईद (इदुल्ल फित्र) का दिन।

(च) छठ पर्व मंसिर १ गते मंगलबार।

(छ) इस्लाम धर्मावलम्वीहरूको पर्व बकर ईद (इदुल जोहा) का दिन।

(ज) किराँत पर्व उधौली पूजा, योमरी पुन्ही – ज्यापु दिवस (मङ्सिर पूर्णिमा, धान्य पूर्णिमा) पौष १० गते शुक्रबार।

(झ) इसाई धर्मावलम्वीहरूको पर्व क्रिसमस डे, (डिसेम्बर २५ तारिख) पौष १० गते शुक्रबार।

(ञ) तमू ल्होसार पौष १५ गते आइतबार।

(ट) माघी पर्व (थारू/मगर/छन्त्याल जातिको राष्ट्रिय पर्व) माघ १ गते शुक्रबार।

(ठ) सोनम ल्होसार माघ २६ गते मंगलबार।

(ड) महाशिवरात्री, फागुन २४ गते सोमबार।

(ढ) अन्तर्राष्ट्रिय महिला दिवस, (मार्च ८) फागुन २५ गते मंगलबार।

(ण) हिमाली आदिवासी शेर्पाहरूले मनाउने ग्याल्पो लोसार फागुन २६ गते बुधबार।

(त) फागुपूर्णिमा, चैत्र ९ गते मंगलबार र देहायका जिल्लाहरूमा चैत्र १० गते बुधबार।

**जिल्लाहरूको नाम**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | झापा | ६. | उदयपुर | ११. | बारा | १६. | दाङ |
| २. | मोरङ्ग | ७. | धनुषा | १२. | पर्सा | १७. | वाँके |
| ३. | सुनसरी | ८. | महोत्तरी | १३. | नवलपरासी | १८. | बर्दिया |
| ४. | सप्तरी | ९. | सर्लाही | १४. | रुपन्देही | १९. | कैलाली |
| ५. | सिरहा | १०. | रौतहट | १५. | कपिलवस्तु | २०. | कञ्चनपुर |

(द) सिरुवा पावनी पर्वका दिन त्यस्तो पर्व मनाउने झापा, मोरङ्ग, सुनसरी, सिराहा र सप्तरी जिल्लामा।

(ध) धवथाम्वु छेउचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरूमा स्थानीय बिदा।

३. महिला कर्मचारीहरूको लागि मात्रः

(क) हरितालिका (तीज), भदौ ३० गते बुधबार।

(ख) ऋषि पञ्चमी, आश्विन १ गते शुक्रबार।

(ग) जितिया पर्व पर्ने दिन असोज १८ गते सोमबार (जितिया पर्व मनाउने महिला कर्मचारीका लागि)।

४. शिक्षण संस्थाहरूको लागि मात्रः

(क) वसन्त पञ्चमी, फागुन १ गते शनिबार।

५. जात्रा बिदा (काठमाडौं उपत्यकालाई मात्र)

(क) गाईजात्रा, भदौ १३ गते आइतबार।

(ख) इन्द्रजात्रा, आश्विन १० गते आइतबार।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन।)

(घ) घोडेजात्रा चैत्र २५ गते बिहिबार।

६. दशैं बिदाः

(क) घटस्थापना, आश्विन २६ गते मंगलबार।

(ख) कार्तिक ३ मंगलबारदेखि कार्तिक ७ गते शनिबारसम्म (फूलपातीदेखि द्वादशीसम्म)।

(ग) कोजाग्रत पूर्णिमा, कार्तिक ९ गते सोमबार।

७. तिहार बिदाः

(क) लक्ष्मीपूजा, कार्तिक २५ गते बुधबार।

(ख) गोवर्धन पूजा, म्ह पूजा, नेपाल सम्वत् कार्तिक २६ गते बिहिबार।

(ग) भाइटिका, कार्तिक २७ गते शुक्रबार।

८. दिवस बिदाः

(क) लोकतन्त्र दिवस, वैशाख ११ गते शुक्रबार।

(ख) विश्व मजदुर दिवस, (मे १) वैशाख १८ गते शुक्रबार।

(ग) गणतन्त्र दिवस, जेष्ठ १५ गते शुक्रबार ।

(घ) निजामती सेवा दिवस, भाद्र २२ गते मंगलबार (विदेशस्थित नेपाली नियोगमा कार्यरत समेत निजामती कर्मचारी, अदालत तथा संवैधानिक निकायका कर्मचारीलाई मात्र ) ।

(ङ) अन्तर्राष्ट्रिय अपाङ्ग दिवस, (डिसेम्बर ३) मंसिर १७ गते बिहिबार (नेपाल भित्रका सम्पूर्ण अपाङ्ग कर्मचारीका लागि) ।

(च) शहीद दिवस, माघ १६ गते शनिबार ।

(छ) राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन ७ गते शुक्रबार ।

९. जन्म जयन्ती बिदाः

(क) बुद्ध जयन्ती, बैशाख २१ गते सोमबार ।

(ख) श्रीकृष्ण जन्माष्टमी, भदौ १९ गते शनिबार ।

(ग) गुरु नानक जयन्ती मंसिर ९ गते बुधबार (नेपाली शिख धर्मावलम्वी कर्मचारीलाई) ।

१०. विदेश स्थित नेपाली नियोगहरूले सम्बन्धित मुलुकका सार्वजनिक बिदाहरूलाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक बिदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने ।

११. सट्टा विदाः

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायर ब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, नेपाल सरकार मुद्रण विभाग, हुलाक, आकाशवाणी आदि जस्ता रोजना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूले सार्वजनिक बिदाका दिनमा समेत काम काज गर्नु पर्ने हुँदा त्यस्ता कार्यालयमा दैनिक काम नरोकिने गरी सार्वजनिक बिदाका दिन काम गरेवापत प्रचलित कानूनको रीत पुर्‍याई सट्टा बिदा बस्न पाइने ।

१२. कार्यालय हाजिर हुने र छुट्ने समयः

(क) नेपाल राज्यभरका सबै सरकारी कार्यालयहरूमा शुक्रबारबाहेक माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म बिहान १०:०० बजे हाजिर भई अपरान्ह ५:०० बजे छुट्ने र कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:०० बजे हाजिर भई अपरान्ह ४:०० बजे छुट्ने ।

(ख) शुक्रबारको दिन बिहान १०:०० बजे हाजिर भै अपरान्ह ३:०० बजे छुट्ने ।

द्रष्टव्यः

(क) "आधा दिन" भन्नाले कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि १:०० वजे र माघ १६ देखि कार्तिक १५ गतेसम्म दिनको १.३० बजेसम्म सम्झनुपर्छ ।

(ख) सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाहमा असर नपर्ने गरी कार्यालय समयको १ बजेदेखि २ वजेसम्म खाजा खाने समय कायम गरिएको छ ।

आज्ञाले

सूर्यप्रसाद सिलवाल

नेपाल सरकारको सचिव